# येशू नआउञ्जेल उहाँले दिनुभएको जिम्मेवारीको व्यवस्थापन
# (Managing for the Master- Until He Comes)

## (भित्रीकथा सहित)

## लेखक:

जी. एडवार्ड रीड
(G. Edward Reid)

## भावानुवादक:

भजुराम तखाछैं श्रेष्ठ

**हिमालयन सेक्सन अभ सेभेन्थ-डे एडभेन्टिस्ट**
**सन् २०२३ (बि.सं. २०७९)**

ईन्टरनेट वेबसाईट : *https://www.nepalworks.com/bhajupurna*
*https://www.sabbathschoolpersonalministries.org/international*

**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**

**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टइन**

प्रथम संस्करण : २०७९ (ई.सं. २०२३)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भजुराम श्रेष्ठ, ☎ ९८१३१५४४३२, ९८४०२९२७८५
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४३२२८६०६
वितरकः कुबेर लामिछाने, ९८४१७१५०९५

यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## प्रभु येशू नआउञ्जेल व्यवस्थापन

सारा जगतका सनातन सृष्टिकर्ता र हामी मानव प्राणीसँग हुनुपर्ने सम्बन्ध बुझ्न कठिन छ। परमेश्वर हामीसँग कारोबार गर्न चाहनुहुन्छ? यो अवधारणा नै चकितपूर्ण छ। "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम पोखाउनुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि। १ यूहन्ना ३:१। अथवा दिदीमाँ एलेन जी ह्वाइटले यसरी व्यक्त गर्नुभएको छः "के कुनै पनि मानवीय मर्यादालाई यससँग तुलना गर्न सकिन्छ र? सनातन र अनन्तका परमेश्वरका छोराछोरीहरू भएर महान् उच्च ओहोदामा बस्ने अवसर पाउनुभन्दा अरू के छ र? के संसारले दिने कुनै सरसम्मान, ओहोदा र कदरसँग त्यो तुलना गर्न सकिन्छ र?"-गड्स अमेजिङ्ग ग्रेस, पृ. ३४१बाट रूपान्तरित। येशू ख्रीष्टद्वारा हामीलाई कुन स्तरमा राखिएको छ त्यसलाई नबुझ्न केवल पापले गर्दा अन्धकारले लादिएकोलेमात्र हो।

यद्यपि, यदि हामी होशियार भएनौं भने यस संसारको बहलाउने र संसारकै मोहमा टाँसिरहने मनस्थितिले ख्रीष्टबाट हामीलाई टाढा राख्न सक्छ भन्ने कुरालाई हामीले कहिल्यै पनि बिर्सिनुहुन्न। सैतानले हामीलाई अनेकौं किसिमले लोभ्याएर, मन बहलाएर र आकर्षित गरेर हामीलाई उसतिर तान्न सक्छ भनेर परमेश्वरको वचनले नै यसरी भन्दछः "तर धनी हुने इच्छा गर्नेहरू परीक्षामा पर्छन्, पासोमा फस्छन् र धेरै अर्थहीन र दुःखदायी इच्छाहरूमा डुब्छन्, जसले मानिसहरूलाई बरबादी र सर्वनाशमा डुबाउँछन्। किनभने रुपियाँपैसाको मोह नै सबै किसिमका खराबीको जड़ हो। पैसाको लोभमा परेर कोही-कोही विश्वासबाट कुमार्गतिर लागेका छन्, र धेरै पीडाले तिनीहरूका हृदय घोचेका छन्।" १ तिमोथी ६:९-१०।

जुन परमेश्वरले छ दिन काम गर, पसिना बगाएर आयआर्जन जोड्नु भनेर निर्देशन दिनुभएको छ। हाम्रो आफ्नै मेहनतले कसरी पैसा आर्जन गर्ने र त्यसलाई बुद्धिमानीसाथ कसरी उपयोग गर्ने भनेर मार्गनिर्देशन प्रभुले हामीलाई दिनुभएको छ। यदि हामीमा भएको धनसम्पत्ति वा पैसालाई उचितरूपमा प्रयोग गरेनौं भने पावलको अनुसार त्यसले हामीलाई बरबाद र सर्वनाश ल्याउँछ। पैसा र हाम्रो स्वामित्वमा हुने सम्पत्तिप्रति हाम्रो मनस्थिति कस्तो हुनुपर्छ भनेर बाइबलमा २००० भन्दा बढि पदहरू छन्। पैसाको मामिलामा हाम्रो मनस्थिति कस्तो हुनुपर्दछ भनेर परमेश्वरले प्रयोगात्मक निर्देशनहरू दिनुभएको छ। हामी जीवनको तनावबाट कसरी माथि उक्लेर जिउने र हामीलाई दिएको धनसम्पत्तिलाई पारदर्शिकरूपमा इमान्दार भएर कसरी व्यवस्थित गर्ने भनेर पनि बाइबलले हामीलाई सिकाउँदछ।

परमेश्वरसँग हाम्रो आदर्श सम्बन्ध कस्तो हुनुपर्दछ र उहाँप्रति हाम्रो गहिरो भरोसा कसरी निर्माण गर्ने ताकि हामीसँग केही नभएको बेलामा वा किन्न र बेच्न नसकिने समयमा (प्रकाश १३:१७) पनि उहाँमा निष्ठावान भएर कसरी बस्न सक्छौँ भन्ने विषयहरू समेटिएर यो पुस्तक लेखिएको छ। तर यस किसिमको विश्वास एक रातमै आउँदैन। परमेश्वरले हामीलाई जे दिनुभयो त्यसलाई जतन गरेर व्यवस्थित ढँगले चलाउन तयार गर्न सक्यो भने हामी अहिले वा जुनसुकै बेलामा पनि परमेश्वरप्रति आस्थावान भएर आत्मिक जीवनलाई अगाडि बढाउन सक्छौँ।

हामीलाई चाहिने सबै स्त्रोतहरू परमेश्वरमा छ। यदि उहाँसँग मिलेर सहकार्य गर्‍यौं भने ती स्त्रोतहरू हामीलाई  सम्हाल्न दिनुहुन्छ। उहाँका भक्तहरू येशूको शुद्ध, पारदर्शी, पवित्र र निश्कलङ्क हातहरू भएको उहाँ चाहनुहुन्छ। यस महान् अवसरको निम्ति परमेश्वरलाई धन्यवाद देऔ, जसले "हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो, र आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ। उहाँमा हाम्रो उद्धार, अर्थात् पापको क्षमा छ।" कलस्सी १:१३-१४।

ज्ञानी मानिस सोलोमनबाट परमेश्वरले उहाँका छोराछोरीहरूलाई यो सल्लाह दिनुभएकोछः "आफ्नो धन-सम्पत्ति र आफ्ना सबै उब्जनीको अगौटे फलले परमप्रभुको आदर गर।"  हितोपदेश ३:९। परमेश्वरलाई यसरी श्रद्धा देखाउनु उचित छ किनकि "तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ, किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो।"  प्रकाश ४:११।

प्रभुलाई नमान्ने समाजको परिवेशमा हामी धैरै प्रतिस्पर्धामूलक, चुनौतिपूर्ण र तनाव समयमा छौँ। तर, संसारप्रति हाम्रो दृष्टिकोण परमेश्वरमा भरोसा र आशा राख्न सक्दछौँ। येशूले औँल्याउनुभएको भविष्यमा हुने घट्नाहरूले मानव इतिहासको महान् चरमबिन्दु तोकिएको छ, त्यो हो उहाँको दोस्रो आगमन। उहाँको आगमन नजिकै छ,  ढोकैमा छ। यस पुस्तकमा लेखिएका प्रयोगात्मक वा व्यवहारिक सिक्षाहरूले तपाईँको परमेश्वरमाथिको  विश्वास र भरोसा गाढा होस् र तपाईँ परमेश्वरको विश्वासिलो र भरपर्दो प्रवन्धक हुन उत्साह मिलोस भन्ने यस लेखकको कामना छ।

*यस अध्ययन पुस्तकको लेखक जी. एडवार्ड रीड, डिभिनिटमा मास्टर (आन्ड्रयु विश्वविद्यालय), एमपियच (लोमालिन्डा युनिभर्सिटी), जेडी (जर्जिया स्टेट युनिभर्सिटी) अभिषेक गरिएको पास्टर हुनुहुन्छ। उहाँ आधिकारिक अटर्नी भएर उत्तर अमेरिकाको डिभिजनमा स्टुवार्गशिप मिनिस्त्रीमा निर्देशक भएर धैरै वर्ष काम गर्नुभएको थियो।*

# विषयसूची

| अध्याय | | पृष्ठ |
| --- | --- | --- |
| १. | परमेश्वरको परिवारमा सहभागी | १ |
| २. | हामीमा भएको परमेश्वरका कारारहरू | १४ |
| ३. | दसांस दिने सम्झौता | २९ |
| ४. | येशूको निम्ति भेटीहरू | ४५ |
| ५. | ऋणसँग कारोबार | ५८ |
| ६. | स्वर्गमा धनसम्पत्ति जोर्नु | ७१ |
| ७. | सानाभन्दा सानालाई वास्ता गर्नु | ८५ |
| ८. | सफलताको निम्ति योजना | ९८ |
| ९. | लोभी हुनुबाट सतर्क | ११२ |
| १०. | परमेश्वरको सम्पत्ति उहाँलाई नै फर्काउनु | 1२६ |
| ११. | कठिन तथा बिपद समयमा व्यवस्थित गर्नु | १३८ |
| १२. | इमान्दार तथा विश्वसनीयताका इनामहरू | १५३ |

# अस्थायी पाना

<u>सुझावः</u> त्रैमासिक अध्ययन चैत्र १०, २०७९ (मार्च २४, २०२३) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | |
|---|---|
| १ अध्याय १ | *पुष १६-२२; Dec: 31-Jan6* |
| २ अध्याय २ | *पुष २३-२९; Jan7-13* |
| ३ अध्याय ३ | *पुष ३०-माघ ६; Jan14-20* |
| ४ अध्याय ४ | *माघ ७-१३; Jan21-27* |
| ५ अध्याय ५ | *माघ १४-२०; Jan28-Feb3* |
| ६ अध्याय ६ | *माघ २१-२७; Feb4-10* |
| ७ अध्याय ७ | *माघ २८-फाल्गुन ५; Feb11-17* |
| ८ अध्याय ८ | *फाल्गुन ६-१२; Feb18-24* |
| ९ अध्याय ९ | *फाल्गुन १३-१९; Feb25- Mar3* |
| १० अध्याय १० | *फाल्गुन २०-२६; Feb4- Mar10* |
| ११ अध्याय ११ | *फाल्गुन २७-चैत्र ३; Mar11-17* |
| १२ अध्याय १२ | *चैत्र ४-१०; Mar18-24* |